नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
("A" class Institution licensed by Nepal Rastra Bank)

मिति:२०७९/०९/२४

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

नेपाल स्टक एक्सचेन्ज लिमिटेड
भद्रकाली, यूएनआई शान्ति मार्ग
काठमाण्डौं ।

**विषय: जानकारी गराएको बारे ।**

महाशय,

उपरोक्त सम्वन्धमा यस नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिई (मर्ज भै) नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.को नामबाट मिति २०७९/०९/२७ गते देखि एकीकृत कारोबार थालनी गर्ने सम्बन्धमा मिति २०७९/०९/२३ गतेको कान्तिपुर राष्ट्रिय दैनिक तथा मिति २०७९/०९/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित सूचनाहरुको १-१ प्रति यसै पत्रसाथ संलग्न गरी तहाँको जानकारीको लागि पठाएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

दिपक श्रेष्ठ
प्रमुख-कानून विभाग

# नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड र मेगा बैंक नेपाल लिमिटेड एक आपसमा गाभिए (मर्जर) पश्चात् नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको नामबाट मिति २०७९ साल पौष २७ गते बुधबार देखि एकिकृत कारोबार आरम्भ हुने तथा सो को लागि मिति २०७९/०९/२५ गते र मिति २०७९/०९/२६ गते बैंकिङ्ग सेवाहरु बन्द रहने बारेको सूचना

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्थाको रुपमा इजाजतपत्र प्राप्त काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. १, दरबार मार्गमा रजिष्टर्ड कार्यालय रहेको "नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड" तथा काठमाण्डौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २८, कमलादीमा रजिष्टर्ड कार्यालय रहेको "मेगा बैंक नेपाल लिमिटेड" को मिति २०७९/०९/०७ गते सम्पन्न आ-आफ्नो वार्षिक साधारण सभाबाट "नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड र मेगा बैंक नेपाल लिमिटेड" एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धमा विशेष प्रस्ताव पारित गरे बमोजिम श्री नेपाल राष्ट्र बैंकबाट मिति २०७९/०९/१७ गतेको पत्र, श्री नेपाल धितोपत्र बोर्डको मिति २०७९/०९/१९ गतेको पत्र तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०९/२१ गतेको पत्रबाट गाभ्ने/गाभिने (मर्जर) सन्दर्भमा मेगा बैंक नेपाल लिमिटेडको अन्तिम दिनसम्म कायम रहेका ऋण, धन, दायित्व तथा अन्य सम्भावित दायित्वहरु गाभ्ने बैंक नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडले सम्पूर्ण व्यहोर्ने/सकार्ने गरी गाभ्ने/गाभिने (मर्जर) को लागी स्वीकृती प्राप्त भएको जानकारी गराउँदै उल्लेखित दुबै संस्थाहरु एक आपसमा गाभिएर कायम हुने संस्थाको नाम नेपालीमा "नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड" र अंग्रेजीमा "Nepal Investment Mega Bank Limited" हुने गरी नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त बैंकको रुपमा मिति २०७९/०९/२७ गते बुधबार तदनुसार जनवरी ११, २०२३ को दिन देखि एकिकृत कारोबार सञ्चालन गरिने व्यहोरा समस्त ग्राहक वर्ग, शेयरधनीमहानुभावहरु, नियामक निकायहरु तथा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरेका छौं ।

गाभिए (मर्जर) पश्चात् बन्ने "नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड" को केन्द्रिय कार्यालय साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. १, दरबारमार्गमा रहने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

साथै, मिति २०७९/०९/२७ गते देखि दुबै संस्थाको एकिकृत कारोवार शुरु गरिने भएको हुँदा डाटा माइग्रेशन (Data Migration) प्रयोजनको लागि मिति २०७९/०९/२५ गते र मिति २०७९/०९/२६ गते दुई दिनको लागि दुबै संस्थाहरु (नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड र मेगा बैंक नेपाल लिमिटेड) ले आफ्ना केन्द्रिय कार्यालय तथा विभिन्न शाखा कार्यालयहरुबाट प्रदान गर्दै आईरहेको बैकिङ्ग सेवाहरु बन्द रहने व्यहोरा समस्त ग्राहकवर्ग, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाको लागि क्षमाप्रार्थी छौं ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

केन्द्रिय कार्यालय,
दरबारमार्ग काठमाण्डौं,
फोन नं. : ४-२४२५३०, ४-२२८२२९
फयाक्स नं. : ४-२२६३४९
ई-मेल : info@nibl.com.np
Web site: www.nibl.com.np

MEGA
BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लि.
राइजिङ्ग मल, कमलादी काठमाण्डौं
फोन नं. :९७७-१-४१६२२१७
फयाक्स नं.: ९७७-१-४१६२२१५,
ई-मेल: info@megabank.com.np
Web site: www.megabanknepal.com

# नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड र मेगा बैंक नेपाल लिमिटेड एक आपसमा गाभिए (मर्जर) पश्चात् नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको नामबाट मिति २०७९ साल पौष २७ गते बुधबार देखि एकिकृत कारोबार आरम्भ हुने तथा सो को लागि मिति २०७९/०९/२५ गते र मिति २०७९/०९/२६ गते बैकिङ्ग सेवाहरु बन्द रहने बारेको सूचना

(प्रथम पटक मिति २०७९/०९/२३ गतेको कान्तिपुर राट्रिय दैनिकमा प्रकाशित)

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्थाको रुपमा इजाजतपत्र प्राप्त काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. १, दरबार मार्गमा रजिष्टर्ड कार्यालय रहेको "नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड" तथा काठमाण्डौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २८, कमलादीमा रजिष्टर्ड कार्यालय रहेको "मेगा बैंक नेपाल लिमिटेड" को मिति २०७९/०९/०७ गते सम्पन्न आ-आफ्नो वार्षिक साधारण सभाबाट "नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड र मेगा बैंक नेपाल लिमिटेड" एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धमा विशेष प्रस्ताव पारित गरे बमोजिम श्री नेपाल राष्ट्र बैंकबाट मिति २०७९/०९/१७ गतेको पत्र, श्री नेपाल धितोपत्र बोर्डको मिति २०७९/०९/१९ गतेको पत्र तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/२१ गतेको पत्रबाट गाभ्ने/गाभिने (मर्जर) सन्दर्भमा मेगा बैंक नेपाल लिमिटेडको अन्तिम दिनसम्म कायम रहेका ऋण, धन, दायित्व तथा अन्य सम्भावित दायित्वहरु गाभ्ने बैंक नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडले सम्पूर्ण व्यहोर्ने/सकार्ने गरी गाभ्न/गाभिन (मर्जर) को लागी स्वीकृती प्राप्त भएको जानकारी गराउँदै उल्लेखित दुबै संस्थाहरु एक आपसमा गाभिएर कायम हुने संस्थाको नाम नेपालीमा "नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड" र अंग्रेजीमा "Nepal Investment Mega Bank Limited" हुने गरी नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त बैंकको रुपमा मिति २०७९/०९/२७ गते बुधबार तदनुसार जनवरी ११, २०२३ को दिन देखि एकिकृत कारोबार सञ्चालन गरिने व्यहोरा समस्त ग्राहक वर्ग, शेयरधनीमहानुभावहरु, नियामक निकायहरु तथा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

गाभिए (मर्जर) पश्चात् बन्ने "नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड" को केन्द्रिय कार्यालय साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. १, दरबारमार्गमा रहने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

साथै, मिति २०७९/०९/२७ गते देखि दुबै संस्थाको एकिकृत कारोबार शुरु गरिने भएको हुँदा डाटा माइग्रेशन (Data Migration) लगायतको प्रयोजनको लागि मिति २०७९/०९/२५ गते र मिति २०७९/०९/२६ गते दुई दिनको लागि दुबै संस्थाहरु (नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड र मेगा बैंक नेपाल लिमिटेड) ले आफ्ना केन्द्रिय कार्यालय तथा विभिन्न शाखा कार्यालयहरुबाट प्रदान गर्दै आईरहेको बैकिङ्ग सेवाहरु बन्द रहने व्यहोरा समस्त ग्राहकवर्ग, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाको लागि क्षमाप्रार्थी छौं ।

**नेपाल इन्भेष्टमेण्ट बैंक लि.**
**NEPAL INVESTMENT BANK LTD.**

केन्द्रिय कार्यालय,
दरबारमार्ग काठमाण्डौं,
फोन नं. : ४-२४२५३०, ४-२२८२२९
फ्याक्स नं. : ४-२२६३४९
ई-मेल : info@nibl.com.np
Web site: www.nibl.com.np

**MEGA BANK NEPAL LIMITED**
**मेगा बैंक नेपाल लिमिटेड**

राइजिङ्ग मल, कमलादी काठमाण्डौं
फोन नं. :९७७-१-४१६९२१६
फ्याक्स नं.: ९७७-१-४१६९२१५
ई(मेल: info@megabank.com.np
Web site: www.megabanknepal.com